# संवत् २०७८ साल चैत २४ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.स. | मन्त्रालय | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | हेटौडा सिमेन्ट उद्योग लि. को महाप्रबन्धकमा श्री बसन्तकुमार पाण्डेलाई नियुक्त गर्ने। |
| २. | ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय | बुढीगण्डकी जलविद्युत आयोजनासम्बन्धी नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५।६।५ को निर्णय खारेज गर्ने। |
| ३. | ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय | अमलेखगंज सवस्टेशनको लागि जग्गा प्राप्ति गर्ने र प्रारम्भिक कारवाही चलाउने अधिकारी तोक्ने। |
| ४. | ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय | पश्चिम सेती कोरिडोर ४०० के.भी. प्रसारण लाइन आयोजनाको लागि जग्गा प्राप्ति गर्ने र प्रारम्भिक कारबाही चलाउने अधिकारी तोक्ने। |
| ५. | ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय | लाटिनाथ ३३ के.भी. प्रसारण लाइन तथा सवस्टेशनको लागि जग्गा प्राप्ति गर्ने र प्रारम्भिक कारवाही चलाउने अधिकारी तोक्ने। |
| ६. | कानुन, न्याय, तथा संसदीय मामिला मन्त्रालय | श्रम अदालतको अध्यक्ष पदमा उच्च अदालत विराटनगर, ओखलढुंगा इजलासका माननीय न्यायाधीश श्री बासुदेव आचार्यलाई तोक्ने। |
| ७. | कानुन, न्याय, तथा संसदीय मामिला मन्त्रालय | काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को दफा २३ बमोजिमको पुनरावेदन समितिको अध्यक्ष पदमा अदालतको कामकाज समेत गर्ने गरी उच्च अदालत पाटनका माननीय न्यायाधीश श्री महेश शर्मा पौडेललाई तोक्ने। |
| ८. | कानुन, न्याय, तथा संसदीय मामिला मन्त्रालय | राजश्व न्यायाधिकरण पोखराको कानून सदस्य एवम् अध्यक्ष पदमा उच्च अदालत पोखराका माननीय न्यायाधीश श्री रमेशप्रसाद राजभण्डारीलाई तोक्ने। |
| ९. | कानुन, न्याय, तथा संसदीय मामिला मन्त्रालय | वैदेशिक रोजगार न्यायाधिकरणको अध्यक्ष पदमा उच्च अदालत जनकपुर, वीरगंज इजलासका माननीय न्यायाधीश डा. श्री रवि शर्मा अर्याललाई तोक्ने। |
| १०. | कानुन, न्याय, तथा संसदीय मामिला मन्त्रालय | भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन, २०७२ को दफा २६ को उपदफा (२) बमोजिमको पुनरावेदन समितिको अध्यक्ष पदमा अदालतको कामकाज समेत गर्ने गरी उच्च अदालत पाटनका माननीय न्यायाधीश श्री बालेन्द्र रुपाखेतीलाई तोक्ने। |
| ११. | कानुन, न्याय, तथा संसदीय मामिला मन्त्रालय | सैनिक विशेष अदालतको अध्यक्ष पदमा अदालतको कामकाज समेत गर्ने गरी उच्च अदालत पाटनका माननीय न्यायाधीश श्री महेशप्रसाद पुडासैनीलाई तोक्ने। |
| १२. | कृषि तथा पशुपंक्षी विकास मन्त्रालय | याक आनुवांशिक श्रोत केन्द्र, सोलुखुम्वुमा याक-नाक चरनको लागि करिव १० रोपनी जग्गा प्राप्त गर्न स्वीकृति दिने। |
| १३. | खानेपानी मन्त्रालय | सुन्दरीजलस्थित सुरुङ्गको प्रवेशद्वार नजिक उपयुक्त स्थानमा सन्त नेता एवं पूर्व प्रधानमन्त्री स्व. कृष्ण प्रसाद भट्टराई (किसुनजी) को सालिक र शिलापत्र राख्न स्वीकृति प्रदान गर्ने। |
| १४. | परराष्ट्र मन्त्रालय | विभिन्न २० देशका लागि नेपाली राजदूत नियुक्तिका लागि सिफारिस गर्ने। |

| | | |
|---|---|---|
| १५. | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | समस्याग्रस्त सहकारी संस्था वा संघको व्यवस्थापन समितिका अध्यक्षमा प्रशासकीय अदालतका पूर्व अध्यक्ष श्री काशीराज दाहाल र सदस्यमा श्री केशवराज आचार्यलाई नियुक्ति तथा मनोनयन गर्ने। |
| १६. | युवा तथा खेलकुद मन्त्रालय | २०७९ साल वैशाख १७ देखि १८ गते सम्म अमेरिकाको कोलोराडोमा आयोजना हुने रकि माउन्टेन च्याम्पियनसिप, २०२२ कार्यक्रममा माननीय युवा तथा खेलकुद मन्त्री नेतृत्वको प्रतिनिधि मण्डललाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| १७. | वन तथा वातावरण मन्त्रालय | हिदी खोला जलविद्युत आयोजनाको इन्टेक, अडिट र पावरहाउस लगायतका भौतिक पूर्वाधारहरु निर्माण गर्न लमजुङ जिल्लाको मर्स्याङ्दी गाँउपालिका वडा नं ६ र ७ मा रहेको राष्ट्रिय वन ४.२८ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति प्रदान गर्ने। |
| १८. | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | विदुषी योगमाया आयुर्वेद विश्वविद्यालयको पूर्वाधार निर्माणका लागि संखुवासभा खाँदवारी नगरपालिका वडा नं.९ र भोजपुर जिल्ला षडानन्द नगरपालिका वडा नं.६ मा पर्ने जग्गा प्राप्त गरी उक्त जग्गामा विश्वविद्यालयको भवन तथा अन्य पूर्वाधार संरचनाको निर्माणका लागि निर्माणस्थल तोक्ने। |
| १९. | श्रम , रोजगार, तथा सामाजिक सुरक्षा मन्त्रालय | रोजगार अनुमति प्रणाली (इ.पि.एस.) मार्फत नेपाली नागरिकलाई रोजगारीका लागि दक्षिण कोरिया पठाउने सम्बन्धी समझदारीपत्र नवीकरण गर्ने। |
| २०. | श्रम , रोजगार, तथा सामाजिक सुरक्षा मन्त्रालय | दक्षिण अफ्रिकाको डर्वानमा १-६ जेठ, २०७९ मा आयोजना हुने 5th Global Conference on the Elimination of Child Labour सम्मेलनमा माननीय श्रम रोजगार तथा समाजिक सुरक्षा मन्त्री माननीयको नेतृत्वको प्रतिनिधि मण्डललाई भाग लिन स्वीकृति दिने। |
| २१. | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी समितिको सदस्य पदमा श्री रन्जन कृष्ण अर्याल (काठमाडौं) र प्रा. श्री भगवान दास मानन्धर (काठमाडौं) लाई मनोनयन गर्ने। |
| २२. | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रबन्ध निर्देशक पदमा श्री सुनिल पौडेललाई नियुक्त गर्ने। |
| २३. | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | जेष्ठ नागरिकहरूलाई विशिष्ट प्रकारको स्वास्थ्य सेवा उपलब्ध गराउन विशेषज्ञ सेवासहितको एक जेष्ठ नागरिक अस्पताल स्थापना गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने। |